१२६ औं

आज मिति २०७८ साल भदौ २८ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, नगर उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्ष्मन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम वहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री जगत वहादुर वस्नेत, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री मानबहादुर ठाडा, लेखा अधिकृत
श्री अनिल चपाई, सूचना प्रविधि अधिकृत
श्री वीर वहादुर चुनारा, का.स
श्री रवीन्द्र ... (सहयोगी)

**निर्णय नं. १ :** मिति २०७५।०७।१३ मा गठन भएको लेखा समितिलाई निरन्तरता दिने र विगतमा भै गत आ.व.२०७७।०७८ को यस भेरीगंगा नगरपालिकामा भएको आर्थिक कारोवारको आन्तरिक लेखापरिक्षण गर्न ७ नं. वडाका वडा सचीव धन बहादुर सुनार र ६ नं. वडाका वडा सचीव कमल सिंह वि.क लाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** यस नगरपालिकाका विभिन्न घरधनीहरुले घरको अभिलेखीकरणको लागि माग भएको हुँदा २०७८।०६।०१ देखि मसान्तसम्म पुनः १ महिनाको लागि सूचना जारी गर्ने ।

**निर्णय नं. ३ :** १२ नं. वडा कार्यालयको मसिना खानेपानी र ८ नं. वडा कार्यालय जाने सडकको निर्माण कार्य समयमै सम्पन्न नभएको हुँदा पुनः ताकेता गर्ने र अन्यथा कानून वमोजिम कारवाही प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :** आ.व. २०७७।०७८ मा निर्माण भएका वडा कार्यालयका भवनहरु र आधारभूत स्वास्थ्य केन्द्रका भवनहरु चर्किएको भन्ने गुनासो आएको हुँदा सम्वन्धीत भवन निर्माण गर्ने निर्माण व्यवसायीलाई उक्त चर्किएको भवनहरु मर्मत सुधारका लागि पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** भेरीगंगा नगरपालिकाको वडा नं. ५ को बबई वारीको क्षेत्रको सवै प्रशासनिक कार्य (स्वास्थ्य चौकी, नागरिकता, भेरी ववई डाइभर्सन कार्यालय, विद्यालय, लालपूर्जा, मतदान केन्द्र, अस्थायी प्रहरी विट आदि) कर्णाली प्रदेश भेरीगंगा नगरपालिका सुर्खेतवाट भइरहेको र उक्त क्षेत्र नक्सामा लुम्विनी प्रदेशको वासगढी नगरपालिकाको वडा नं. १ भनी देखाइएको हुँदा उक्त स्थान कर्णाली प्रदेश भेरीगंगा नगरपालिका वडा नं. ०५ अन्तर्गत कायम हुन सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** विद्यार्थी सिकाई सहजीकरण निर्देशिका, २०७७ र विद्यालय संचालन कार्य ढाँचा २०७७ वमोजिम कोभिड-१९ को प्रभाव, विद्यार्थी, शिक्षक र कक्षाकोठा व्यवस्थापनको अवस्था अनुसार स्वास्थ्य सुरक्षाका न्युनतम मादण्डहरु अपनाउँदै वि.व्य.स.को निर्णयनुसार उपर्युक्त ढाँचामा विद्यार्थी र शिक्षकको उपस्थिति, भौतिक दुरी कायम गर्दै विद्यार्थीको सिकाई सहजीकरण गर्ने कार्य संचालन गर्न गराउन सम्पूर्ण विद्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७ :** यस नगरपालिकाको विभिन्न क्षेत्रमा रहेका कवाडी वस्तुहरु उठाउन राजस्व शाखा सँग समन्वय गरी सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :** यस नगरपालिकाको वडामा विगतमा भै दिइदै आएको चिया, खाजा, नास्ता खर्चलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ९ :** यस नगरपालिकाको वडाहरुमा Back Up, कम्प्युटर, प्रिन्टर को आवश्यकता र लागतको रकम यकिन गरी मर्मत सुधार गर्ने र सो मा लाग्ने रकम सम्वन्धित वडा कार्यालयको वजेटवाट र नभएको खण्डमा वजेटको सुनिश्चितता गरी गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. १० :** यस नगरपालिकामा आ.व. २०७७।०७८ मा वडा नं. ७ र १२ मा मेडपा कार्यक्रम लागु भएकोमा आ.व. २०७८।०७९ मा वडा नं ४ र ८ मा पनि विस्तार गर्ने । साथै आ.व. २०७७।०७८ मा उद्यम विकास सहजकर्ताको रुपमा यस नगरपालिकामा भेरीगंगा नगरपालिका वडा नं २ का श्री सुनिता जैसी र भेरीगंगा नगरपालिका वडा नं. १ का श्री लाल बहादुर काकीलाई भर्ना छनौट गरिएकोमा द्धितीय तहको भएतापनि निजहरुको कार्यक्षमता सन्तोषजनक देखिएकोले चा.लु. आ.व. २०७८।०७९ मा पनि निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ११ :** यस नगरपालिका हाल कायम रहेका वडाहरु विस्तार गर्न वा मर्ज गर्न उपयुक्त देखिएमा सम्वन्धित वडाबाट सर्वदलीय, सर्वपक्षीय भेलावाट निर्णय गराई ७ दिनभित्र यस नगरपालिकमा पेश गर्न पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :** घर वहाल कर व्यवस्थापन कार्यविधि २०७८, सम्पत्ति तथा भूमिकर व्यवस्थापन प्रतिस्थापन गर्न बनेको कार्यविधि २०७८, सार्वजनिक शौचालय व्यवस्थापन कार्यविधि २०७८ र फोहोरमैला व्यवस्थापन सम्वन्धी कार्यविधि पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :** यस नगरपालिकाको वडा नं. ६ अन्तर्गत भिङनी वजारमा २ वटा TOD Meter, वडा नं. ६ कै घारीवनमा १ वटा TOT Meter, भेरीगंगा १,२,३ का लागि वडा नं.४ मुरलीखोलामा १ वटा TOT Meter जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :** नेपाल विद्युत प्राधिकरण सामुदायिक ग्रामीण विद्युतीकरण विभागमा भेरीगंगा नगरपालिका ३, २, १ र ५ मा अपुग भएको स्थानको विद्युत लाइन वितरणको लागि स्वीकृत भएवमोजिम पूर्व सम्झौता अनुसार कुल लागतको १०% हुन आउने रकम नगरपालिकावाट सम्वन्धित वैंकको खातामा दाखिला गरी आवश्यक प्रक्रिया/सम्झौता अगाडि बढाउन नगर उपप्रमुख र शा.अ. सीता गिरीलाई प्रतिनिधि पठाउने निर्णय गरियो ।

Scanned with CamScanner